
Received Date: July 2024 Revised: Aug. 2024 Accepted: Sep.2024

# *अशोक विनायक (मरुगणेश)* पुस्तक समीक्षा

चुन्दा बज्राचार्य, पिएचडी
प्राध्यापक, त्रिवि
chundabajracharya@yahoo.com
DOI: 10.3126/hj.v15i2.70682

विश्व सम्पदाभित्र पर्ने हनूमान्ढोका दरबार परिसरमा पर्ने अशोक विनायक जसलाई स्थानीय बासिन्दाले मरुगणेश भन्ने गरिन्छ । मरु टोलको बासिन्दाले मात्रै होइन नेपालका लिच्छविकाल, मल्लकाल र शाहकालका राजाले समेत स्थानीय गणेशको रूपमा मान्दै आएका गणेश राष्ट्र कै मङ्गलमय गणेशको रूपमा मान्दै आएका छन् । जुन हालसम्म पनि कायमै छ ।




उक्त गणेशको बारेमा डा. जुनु वासुकला रञ्जितकारले लेखेको *अशोक विनायक (मरुगणेश)* नामक पुस्तक २०८१ श्रावण १८ गतेका दिन ISBN समेत समावेश गरी अग्रज रंजितकारले प्रकाशन गरेका छन् । उक्त पुस्तकमा मरुटोलमा अवस्थित मरुगणेश पृथ्वीलोक र स्वर्गलोक आउँन जान प्रयोग गरिने रुख अशोक वृक्षको नामबाट अशोक विनायकलाई विभिन्न नामले सम्बोधन गर्ने कुरा अभिलेख र विभिन्न व्यक्तिहरूको भनाइ उद्धृत गरी अशोक विनायक अर्थात् मरुगणेशको नामकरण भएको उल्लेख गरेकी छिन् ।

प्रस्तुत पुस्तकमा अशोक विनायक अर्थात् मरु गणेश स्थापना कहिले भयो भन्ने किटान गर्न नसके पनि मल्लकालदेखि २०७५ सालसम्मको अभिलेख र प्रकाशित कृतिहरूमा वि.सं. २०२८ देखि २०७५ सालसम्मको पुस्तक र पत्रपत्रिका समावेश गरिएको छ । पुस्तकमा जान्ने बुझ्ने व्यक्तिसँगको अन्तरर्वार्ता २०७५ सम्मको समावेश छ । प्रकाशित सामग्री र अन्तवार्ता बाहेक मरु गणेश र मरु गणेशसँग सम्बन्धित घर, गणेशहरू, इन्द्रजात्रामा प्रदर्शित गर्ने इन्द्र, पञ्जराँसँग सम्बन्धित दिपंकर बुद्ध र कङ्ग अजिमासम्म सबै अवलोकन गरेर पुस्तक तयार पारिएको छ । पुस्तकमा मरु गणेश वडा १९ मा अवस्थित भएको र मरु गणेशको घर र अन्य गतिविधि वडा २० मा हुने उल्लेख छ । जस्तो– गणेशको घर, इन्द्रजात्रामा प्रदर्शित गर्ने इन्द्र, मरुसत्तल अगाडि काठ राखेर *पञ्जराँ* दिने कार्य वडा २० मा पर्दछ ।

मरुगणेशको दैनिकीय कार्यदेखि वार्षिक कार्यसम्म सम्पन्न गर्न गुथिको व्यवस्था गरिएको छ । उक्त दैनिक कार्य अन्तरगत गणेशको रेखदेख र चाडवाडअनुसार गणेशको प्रतिमाहरू मूल गणेशमा राख्नुपर्ने हुन्छ । विशेष गरी ढुङ्गाको गणेश स्थायी गणेश मन्दिरभित्र अवस्थित छ । प्रत्येक मङ्गलबार, इन्द्रजात्रा, दशैं, *पाहाँचऱ्हे,* गणेश चौथीको दिनमा ढुङ्गाको गणेशमाथि तामा, पित्तल, चाँदी र धातुको गणेश राख्ने गरिन्छ । दशैंको बेलामा खटमा राख्ने चाँदीको मरुगणेश इन्द्रजात्रा भरी तामाको गणेश र मङ्गलबारका दिन राख्ने पित्तलको गणेश राख्ने गरिन्छ ।

पुस्तकमा मरु गणेशलाई काठमाडौं उपत्यकाको चार गणेशमध्ये एक गणेश मानिन्छ । मरु गणेशलाई अशोक विनायक, असोविनायक, अस्वकविनायक, मण्डु गणेश, मरु गणेश, अक्षो गणेश्वर नामले चिनिन्छ । अशोक गणेशको स्थापना, राजकीय गणेश, अशोक विनायकको प्रतिमा लक्षण, गणेश मन्दिरको वास्तुकलाको बारे पनि विवरण प्रस्तुत गरिएको छ ।

दैनिकीय र वार्षिक क्रियाकलाप सञ्चालन गर्न गुठीको व्यवस्था, गणेशको विशेषता, अशोक विनायकको हुलाक टिकटको प्रकाशन पनि समावेश गरिएको छ । अशोक विनायक देवताको *द्यःछैं* निर्माण र घरको वास्तुकला विवरण हुनुको साथै घर *द्यःछें*मा अवस्थित देवाताहरूको परिचयात्मक विवरण पनि समावेश गरिएको छ ।

*पाहाँचऱ्हे*मा जात्रा गर्ने कङ्ग अजिमा हुनत मरु गणेशका गुठीयारको पिठ कङ्ग अजिमा हुन् र कङ्ग अजिमासँग मरु गणेशका गुठीयारसँग सम्बन्ध छ । इन्द्रजात्रामा प्रदर्शित गर्ने इन्द्र भगवान् गुठी पनि यिनीहरूसँग नै सम्बन्धित छन् । १२ वर्षमा मनाइने सम्यक्दानमा पनि मरुगणेशका गुठीयारले नै सम्यक्दानमा दिपंकर देवता जात्रा गरेर हनूमान्ढोका र भुइँखेलमा उपस्थित गराउने र काठमाडौंमा हुने पञ्जराँको समयमा *पञ्जराँ* गर्ने क्रिया पनि यही गुठीयारहरूले गर्ने गर्छन् ।

लेखाइशैलीको दृष्टीकोणमा आफूले प्रस्तुत गरेका सबै विषयलाई स्पष्ट पार्ने कोसिसमा विवरण प्रस्तुत मात्रै होइन, आफूले भेट्टाएका अभिलेख र भनाइलाई उपयुक्त स्थानमा समावेश गरेर प्रमाणित गर्न सक्षम भएकी छिन् । आफूले थाहा नपाइएका कुरालाई सम्बन्धित विज्ञहरूको सहयोगमा अर्थ विश्लेषण गरेर पनि प्रस्तुत गरेकी छिन् । सम्बन्धित अभिलेख र भनाईहरूलाई उपयुक्त स्थानहरूमा चित्र र फाटोहरू समावेश गरेका छन् । यसरी अभिलेख र फोटाहरूको सङ्कलन र प्रस्तुतिले मरुगणेश र मरुगणेश गुठीको बारेमा छर्लङ्ग हुन आउँछ ।

प्रस्तुत पुस्तकमा हालसम्म देखा परेका अभिलेख, चित्र र क्रियाकलापहरू समावेश भएका छन् । मरुगणेश अर्थात् अशोक विनायकबारे पहिलो पुस्तकको रूपमा जुनुमैया बासुकलाको *अशोक विनायक (मरु गणेश)* नै हो । अशोक विनायक वा मरु गणेशको बारेमा अरु सबै लेखको रूपमा मात्रै प्रकाशित छन् । प्रकाशित भएका धेरै जसो लेख यस पुस्तकको सन्दर्भ ग्रन्थमा समावेश छन् । पुस्तकको रूपमा मरु गणेशको ऐतिहासिक विकास क्रममा एक आधारभूत तह थप्नु हो । एउटै पुस्तकमा मरु गणेशको बहुपक्षीय आयाम थपिएको छ ।

पुस्तक हतारमा छापिएको देखिन्छ । त्यही विषयवस्तुलाई स्पष्ट पारेर क्रमबद्ध रूपमा मिलाएको भए राम्रो हुन्थ्यो । अशोक विनायकको नाम, त्यसको उत्पति, ऐतिहासिक पक्ष, आर्थिक पक्ष, धार्मिक पक्ष, कला र कौशलताका साथै मरुगणेशको घर र त्यहाँ अवस्थित देवताहरू, अशोक विनायकको गुथि र गुठीले गर्ने क्रियाकलापहरू जस्ता विषयलाई क्रमबद्ध रूपमा मिलाएर राखेमा स्पष्ट हुने थियो ।

मरुगणेश भनेको मरु गणेश स्थानमा अवस्थित ढुङ्गाको गणेश हो । उक्त गणेशको आवरणको रूपमा तामा, पित्तल, चाँदीको गणेश हुन् । सबै गणेशको एउटै प्रतिमा लक्षण भएर पनि सबैको अलग अलग प्रतिमा लक्षणको विवरण आवश्यकता छन् कि ?

मरुगणेश वा अशोक विनायकको धार्मिक र आध्यात्मिक पक्षलाई समेट्न सकेको छैन । साँस्कृतिक पक्षमा समेट्न सर्वसाधारण पक्षलाई प्रस्तुत गर्न सकेको छैन । मरु टोलबासीको अन्नप्राशन, ब्रतवन्ध, इही, बाराः, बुढाबुढी जंक्व लगायत दैनिकीय स्थान गणेशको पुजा गर्ने परम्परा छ । पुरोहित नै राखेर मरु गणेश गुठीले दैनिकीय पूजा गर्ने चलन छ । त्यसलाई प्रकाश पार्न सकिएको छैन ।

गणेशको *द्यःछैं* बारे हालको *द्यःछेँ*को विवरण मात्रै प्रस्तुत भएका छ । जुन २०७२ सालको भूकम्पले प्रभावित पारेर पुनः निर्माण गरेको विवरण मात्रै भयो । त्यो भन्दा पहिला पनि घर थियो । पहिलेको गणेशको घर बारे पनि उल्लेख गरेको भए राम्रो हुन्थ्यो । चाँदीको गणेश स्थापना गर्ने गणेशदास सुब्बा नै मरु गणेशको वरदानले जन्मेको भनेर आस्था राख्ने गरिन्छ ।

मरुगणेशलाई बलि चढाउने पनि गरिन्छ । गणेश मन्दिर बाहिर *हिफःद्यः* (रगत चढाउने देवता भनेर छ, त्यसमा गणेशको नाममा बलि दिने गरिन्छ । जुन गणेश मन्दिर बाहिर ढुङ्गा छ । हाल पनि गणेशको ईशानकोणमा सानो ढुङ्गा यथावत नै छ । गणेशलाई खटमा राखेर जात्रा गर्ने बेलामा उक्त ठाउँमा बलिपूजा, अण्डा, भाले, हाँस, राँगा, बोका आदि बलि चढाउने पनि गरिन्छ । १२ वर्षको पचली भैरवको नाच, सिंहसत्तल अगाडी नचाउनु पर्ने रहेछ । त्यसबेला मरु गणेश गुठीबाट श्री पचली भैरव र श्री अजिमालाई एक एक *क्वंचा जाँड* देवताहरूबाट गणेश घर देखि नाच नचाउने ठाउँसम्म पुऱ्याउनु पर्ने चलन छ । मरु गणेशको सम्बन्ध कङ्ग अजिमा मात्रै होइन पचली भैरव नाचसँग पनि सम्बन्धित छ । मरुगणेशको मन्दिरको बारे विवरण उल्लेख भए तापनि हाल पित्तलको ग्रीलले सुरक्षा दिएको सो भन्दा अगाडि चम्कने टाइलहरू छापेर मन्दिर बनाइएको कुरा उल्लेख भएमा मन्दिरको विकास के कस्तो तरिकाले भएको छ भन्ने थाहा पाउन सकिन्छ । यी कुराहरू उक्त पुस्तकमा समावेश भएको पाइएन । लामो लामो पाठ टिपण्णी पुस्तकको मूल पाठमा राख्नुको सट्टा अनुसूचीमा राखको भए राम्रो हुन्थ्यो । पुनः प्रकाशन गर्दा माथिका कुरालाई ध्यानमा राखेर प्रकाशनमा ल्याउन आवश्यक छ ।

पुस्तकको आवरण पहिलो पृष्ठ र अन्तको पृष्ठ रङ्गीन भएकोले आकर्षित छ । पुस्तकमा हालसम्म संग्रहमा ल्याउन नसकेका र समेट्न नसकेका मरु गणेशको बारे सङ्कलन गरेर एउटै पुस्तकको रूपमा प्रकाशित भएका छन् । एउटै गणेशलाई विभिन्न नामले पुकार्ने गणेश र गणेशको गुठीयारहरूले सञ्चालनमा ल्याएका गुठी र देवीदेवताको जात्रा समावेश यस पुस्तक १५ जना व्यक्तिहरूको लेख र दुईवटा संस्थागत लेख गरी जम्मा २० वटा लेख र समय समयमा विभिन्न व्यक्तिसँगको कुरा र हालसम्म प्राप्त भएको अभिलेख एवं फोटोहरू समावेश गरेर तयार पारेको पुस्तक हालसम्मको उपलब्धिपूर्ण पुस्तक हुन आउँछ ।